म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३२० आइतबार १६ असार २०८१ ने. सं. ११४४ तछलागा 30 June 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मोक्तानले जिते स्नूकर हाउसको उपाधि

हेटौंडा, १५ असार/बुद्ध स्नूकर हाउस हेटौंडाले आयोजना गरेको प्रथम बुद्ध स्नूकर हाउस च्याम्पियन २०८१ को उपाधि रोशन मोक्तानले जितेका छन् । उनले नगद १० हजार सहित शिल्ड प्रमाणपत्र प्राप्त गरेका छन् । शनिवार भएको फाइनल खेलमा विमल तामाङलाई पराजित गर्दै मोक्तान विजयी भएका हुन् । द्वितीय भएका तामाङले नगद ३ हजार ५ सय सहित शिल्ड प्रमाणपत्र प्राप्त गरेका छन् । शुक्रबारदेखि सुरु भएको प्रतियोगिता शनिवार सम्पन्न भएको हो । खेलको च्याम्पियनसीप फ्रेन्डसीप कपमा निखिलसिं ठकुरी पहिलो र सुगम नेगी दोश्रो भएका थिए । यस्तै खेलमा बुद्ध स्नुकर हाउस उदयमान खेलाडी सक्सेस थिङ घोषित भएका थिए । विजयी खेलाडीलाइ ट्रफी, मेडल र प्रमाणपत्र वितरण गर्दै बुद्ध स्नूकरका संचालिका सन्जु लामा, बेन्जु लामा, उर्गेन लामा र होटल स्मारक प्रालिका संचालक बालकृष्ण बजगाइ, खेल संचालक पूर्णभक्त लामाले यस्ता प्रतियोगिताले खेलाडीमा उर्जा थपिने बताए ।

# चुहिने छाप्रोमुनी प्रजा दम्पती, भुकम्पको घर अलपत्र

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ मकवानपुरको पश्चिमक्षेत्र मनहरी गाउँपालिका-४, ठाडोखोलाका प्रजादम्पती चुहिने छाप्रोमा बस्दै आएका छन् ।



खरले छाएको छाप्रोको देब्रे भाग हवाङ्गै छ । छर्लङ्ग आकाश देखिने छानामुनी रात कटाउन विवश छन्, सन्तबहादुर प्रजा र सीता प्रजा । घर भन्दा मुनी भूकम्पको घर ठेकेदारले अलपत्र पारेर बेपत्ता भएपछि उनीहरुको बिचल्ली भएको छ । स्थानीय ठेकेदार सूर्य चेपाङले घर बनाइदिने जिम्मा लिएर पूरा नगरी बेपत्ता भएको मनहरी-४ का वडाअध्यक्ष प्रकाश थापाले जानकारी दिए । भूकम्पको दुई कोठे घर अलपत्र छ ।

ब्लकको घरमा छाना लगाउन जस्ता ल्याएर राखेको अवस्थामा ठेकेदार फर्किएर नगएको वडाध्यक्ष थापाले बताए । वडाध्यक्ष थापाले ठेकेदार चेपाङलाई एक महिनाको समय दिएर घर बनाइदिन निर्देशन दिए । 'ए भाइ, त्यो चेपाङ बुढाबुढीको घर अलपत्र पारेको तिमीले हो ? एक महिनाभित्र बनाइदिने भए बनाउ, नत्र तिम्रो घर बनाउन ल्याएको इट्टा ल्याएर वडाको पैसाले म आफैं घर बनाइदिन्छु,' थापाले ठेकेदार सूर्य चेपाङलाई ठाडो भाषामा चेतावनी दिए । ठेकेदार चेपाङले एक महिनाभित्र घर सम्पन्न गराइदिने प्रतिबद्धता जनाए ।

घर वरपर मात्रै हिँड्डुल गर्न सक्ने अवस्थाका सन्तबहादुरको उमेर ८१ वर्ष भयो । श्रीमती सीताको भने उमेर भने उनैलाई पनि थाहा छैन । 'कति वर्ष हुनुभयो, आँखा देख्नु हुन्छ ?,' सीतालाई प्रश्न थियो । उनले भनिन्, 'मेरो उमेर त थाहा छैन । नागरिकता नै बनेको छैन,' सीतालाई उमेर मात्र हैन आफ्नो विवाह भएको यकिन वर्षसमेत स्मरणमा छैन । सन्तबहादुरका साईंला भाइ सीताका देवर विशुराम प्रजाले उनीहरुको विवाह भएको वर्ष र दाइको उमेरका आधारमा यकिन हुन नसके पनि सीताको अन्दाजी ७२ वर्ष उमेर कटेको बताए ।

सन्तबहादुर दुवै कान सुन्दैनन् । इशाराले कुरा गर्छन् भने सोधेको जवाफ फर्काउँछन् । सीता भने विस्तारै जवाफ फर्काउन सक्छिन् । घरको जिम्मेवारी सबै सीताको काँधमा छ । घर अगाडिको सानो छाप्रोमा एउटा पाडी पालेका छन् । घरसँगै जोडिएको ५ कठ्ठा जग्गामा लगाएको मकैले वर्षभरि गुजारा टार्ने गरेको सन्तबहादुरका भाइ विशुरामले सुनाए । 'ढिँडो हैन, पिठो खान लागेको । पिठो किनेर ल्याएको थिएँ । बेसाएर खानुपर्छ । सधैं खान कहाँ पुग्छ र ?,' सीता भन्छिन् ।

प्रजा दम्पतीको छाप्रोभित्र दुई-तीनवटा बोराको पोकामा कपडा, गुन्द्री मात्रै थिए । भ्वाङ परेको खरको छानाबाट पानी चुहिने भएपछि कपडालगायतका पानीले भिज्ने वस्तु सीताले बोराभित्र हालेको बताइन् । भान्सामा नुन, तेल, बेसारदेखि भाँडाकुँडा पनि पर्याप्त छैनन् । भात र तरकारी पकाउने एउटै कराई, ढिँडो र पिठो पकाउने अर्को कराई र केही कचौरामा उनीहरुको भान्सा चलेको छ ।

सन्तबहादुरको सामाजिक सुरक्षा भत्ताले पिठो किनेर खाइरहेका छन् । सन्तबहादुरले पनि भत्ता बुझ्न थालेको ३ वर्ष भयो । सीताले भने नागरिकता नबनेकै कारण भत्ता पाएकी छैनन् । उनको जन्मदर्ता पनि नभएकाले नागरिकता बनाउन कठिनाई भएको वडाध्यक्ष थापाले बताए । मकवानपुर महिला समूहले सीताको नागरिकता बनाउन ४ नम्बर वडा कार्यालयमा पहल गरेको छ । समूहकी समृद्धि परियोजना संयोजक निशा लामाले चितवनमा गएर सम्बन्धित वडा कार्यालयबाट सीताको जन्म प्रमाणित गरेर ल्याउन सहजीकरण गर्ने बताउँदै वडा कार्यालयबाट नागरिकताका लागि थप प्रक्रिया अगाडि बढाउन वडाध्यक्ष थापालाई आग्रह गरिन् ।

वडा कार्यालय र प्रजा दम्पतीको घर करिब १ किलोमिटरको दुरीमा छ । थापाले सीताको नागरिकता बनाएर सामाजिक सुरक्षा कार्यक्रममा समावेश तत्काल गराउने प्रतिबद्धता जनाएका छन् । वडा कार्यालयसम्म आउन पटक-पटक आग्रह गर्दापनि उनीहरु नआएकोले समयमै काम हुन नसकेको थापाको भनाई छ । अब भने घरमै पुगेर सेवा प्रदान गर्ने थापा बताउँछन् ।

**छोरा पर्खिरहेकी सीता**

सन्तबहादुर र सीताबाट तीन छोरा जन्मिएका थिए । जसमध्ये जेठा र कान्छोको मृत्यु भइसकेको छ । उनीहरुको सहारा साइंलो छोरा छ । साइलो २७ वर्षीय नवीन प्रजा नेपालमै छ वा भारतमा सीतालाई खबर छैन । दशैंमा कमाई गर्छु भनेर छोरा हिँडेको र हालसम्म नफर्किएको सीता सुनाउँछिन् । छोरा कहिले आउँछ ? भन्दा भावुक बनेकी सीताले सुनाइन्, 'खोई कहिले पो आउँछ । दशैंमा कमाई गर्न भनेर गएको । अब दशैंमा त आउन पर्ने । नआएर हुन्छ त ?,' सीताका देवर विशुरामका अनुसार छोरा नवीन भारतको गोवामा छन् । गोवास्थित होटलमा काम गरेको थाहा मात्रै पाएको उनले बताए ।

नवीनको ६ वर्षकी छोरी छ । श्रीमतीले अर्कैसँग भागेर विवाह गरेपछि छोरी मनहरी-४, जेखीस्थित मामाघरमै बसेर पढिरहेको विशुरामले बताए । सन्तबहादुर र सीताको जेठा छोराको ३० भदौ २०५८ मा मृत्यु भएको विशुरामले जानकारी दिए । जन्डिस भएको तीन दिनमै उनको मृत्यु भएको थियो । चेपाङ समुदायमा अहिले पनि बिरामी भएपछि पहिला अस्पताल नलगी झारफुकमै विश्वास गर्ने गर्छन् । रोगकै कारण कान्छो छोरा बितेको र मिति याद नभए उनले बताए ।

# एसइई परीक्षाको नतिजामा प्रगति मावि जिल्ला प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ एसईई परीक्षामा मकवानपुरका सामुदायिक विद्यालयहरुमा सबैभन्दा बढी प्रतिशतमा विद्यार्थी उत्तीर्ण गराउन प्रगति माध्यमिक विद्यालय सफल भएको छ ।



हेटौंडा उपमहानगर पालिका-९ मा रहेको विद्यालय एसइई परीक्षाको नतिजामा जिल्लाका सामुदायिक विद्यालयमध्ये प्रथम भएको हो । प्रगति माविमा परीक्षा दिने विद्यार्थीमध्ये ७५ दशमलव ७० प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । कूल १०७ जना परीक्षार्थीले परीक्षा दिएकामा ८१ जना विद्यार्थी ११ कक्षा पढ्न पाउने भएका छन् भने बाँकी २६ जनाले मौकापरीक्षा दिन पाउने भएका छन् ।

३ दशमलव ६ जिपिए भन्दा बढी ल्याएर उत्तीर्ण हुने विद्यार्थी ७ जना छन् भने १८ जना विद्यार्थीले ३ दशमलव २१ देखि ३ दशमलव ६ सम्म जिपिए ल्याएर उत्तीर्ण गरेका छन् । यसैगरी, २ दशमलव ८१ जिपिएदेखि ३ दशमलव २० सम्म ल्याएर उत्तीर्ण हुनेको संख्या २९ रहेको छ । २ दशमलव ४१ देखि २ दशमलव ८० सम्म ल्याउने विद्यार्थीको संख्या २७ रहेको छ । मौकापरीक्षा दिने २६ जना विद्यार्थीलाई विद्यालयले नि:शुल्क कोचिङ कक्षा सञ्चालन गर्ने प्राचार्य निरन्जप्रसाद ढकालले जानकारी दिए ।

प्रगति माविले ४ जिपिए ल्याउने विद्यार्थीलाई सम्पूर्ण शुल्क छुट दिने, ३ दशमलव ६ भन्दा माथि ल्याउनेलाई कक्षा ११ र १२ मा ६ महिनाको मासिक शुल्कमा छुट दिने ३ दशमलव २ भन्दा माथि जिपिए ल्याउनेलाई प्रवेश शुल्कमा छुट दिने र २ दशमलव ८ भन्दा माथि ल्याउनेलाई प्रवेश शुल्कमा १ हजार छुट दिने जनाएको छ । १३ सय विद्यार्थी अध्ययनरत प्रगतिमा कक्षा १२ सम्म पठनपाठन हुन्छ । गतवर्षको कक्षा १२ को वार्षिक परीक्षामा पनि प्रगतिले जिल्लामै उत्कृष्ट नतिजा ल्याएको थियो ।

नतिजा प्रकाशनपछि विद्यालयले आफ्नो आधिकारिक फेसबुक पेजमा पोस्ट गर्दै उत्कृष्ट नतिजा ल्याउन सहयोग गर्ने सबैलाई धन्यवाद दिएको छ । अहिलेको नतिजा नै सम्पूर्ण नभएको भन्दै विद्यालयले आगामी वर्षका नतिजामा सुधार ल्याउदै थप उत्कृष्टता हासिल गर्ने प्रगति माविले जनाएको छ । यसका लागि थप कार्ययोजनाका साथ लागिपर्ने प्रतिवद्धता पनि विद्यालयले व्यक्त गरेको छ । प्रगति माविले कसैसँग प्रतिस्पर्धा नगर्ने तर, आफ्ना विद्यार्थीको उत्कृष्ट नतिजाका लागि निरन्तर प्रयत्न गरिरहने उल्लेख गरेको ।

# अखिल क्रान्तिकारीको अध्यक्षमा अर्याल

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ नेकपा माओवादी केन्द्र निकटको अखिल नेपाल स्वतन्त्र विद्यार्थी संगठन (क्रान्तिकारी) मकवानपुर अध्यक्षमा बुद्धराज अर्याल सर्वसम्मत चयन भएका छन् ।

हेटौंडामा सम्पन्न संगठनको २३ औं सम्मेलनले अर्यालको अध्यक्षतामा ५३ सदस्यीय जिल्ला कार्यसमिति चयन गरेको छ । कार्यसमिति उपाध्यक्षमा दीपक वाईबा, निरुता पाखिन, सचिवमा छोइसाङ लामा, कोषाध्यक्षमा अनिल बसेल, सहसचिवमा सुजन सिलवाल, बिजन लटौला, सुबास थोकर, अभ्युदय खनाल चयन भए । सदस्यमा दिव्यदृष्टि लामा, मेनुका देउला, ईश्वर ढुंगेल, आयुष ठकुरी, मिनेश पुडासैनी, राजकुमार रसाईली, नवीन श्रेष्ठ, कृष्णकला नेपाल, पबित्रा बिक लगायत चयन भएका छन् ।

अध्यक्षपदमा निर्वाचित भएपछि अर्यालले विद्यार्थीको हकहित र क्षमता विकासको लागि जात, लिंग, वर्ण भूगोलभन्दा माथि उठेर निरन्तर क्रियाशील हुने बताए । सम्मेलन जिल्ला अध्यक्ष श्रवण बर्तौलाको अध्यक्षतामा भएको थियो । निर्वाचित जिल्ला कमिटीका पदाधिकारी तथा सदस्यलाई शनिबार बिहान नेकपा माओवादी केन्द्र मकवानपुरको पार्टी कार्यालयमा सपथग्रहण गराइएको छ ।



सम्मेलन अखिल नेपाल स्वतन्त्र विद्यार्थी संगठन (क्रान्तिकारी) केन्द्रीय अध्यक्ष पञ्चा सिंहको प्रमुख आतिथ्यता एवम् नेकपा माओवादी केन्द्रकी केन्द्रीय सदस्य एवम् बागमती प्रदेशको सामाजिक विकास मन्त्री कुमारी मोक्तानको बिशिष्ट आतिथ्यता, केन्द्रीय सदस्य एवम् मकवानपुर इञ्चार्ज बिजय गौतम, अखिल क्रान्तिकारी केन्द्रीय महासचिव दिपेश पुन, उपमहासचिव प्रदीप अर्याल, नेकपा माओवादी केन्द्र प्रदेश कमिटी सदस्य ललित घलान, जिल्ला संयोजक भीम पाखिन, सचिव बीरबहादुर घलान 'ज्वाला'लगायतको आतिथ्यता थियो ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय: सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७



हेटौंडा स्कूल अफ म्यानेजमेन्ट-२०५२ HETAUDA SCHOOL OF MANAGEMENT-1995

ADMISSIONS OPEN FOR GRADE 11

- Science
- Management
- Hotel Management
- Beautician and Hairdressing
- Computer Science

For inquiry:
9855074222



HETAUDA SCHOOL OF MANAGEMENT
Hetauda-4, Makawanpur
info@hsm.edu.np
www.hsm.edu.np

"कडा अनुशासन, स्तरीय शिक्षा"

DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

साझाकुरा

## हाम्रो कुरा

# नौटङ्की दिवस कि धान दिवस ?

आजको दिनमा सबैका सामाजिक संजालमा धान रोपेको र हिलो खेलेको फोटोले सजिएको छ । वर्षदिनमा एक दिनमात्र खेतमा कुल्चिन पुग्ने बर्गका लागि धान दिवस निकै महत्वपूर्ण मानिन्छ । वास्तविक किसानका लागि बाह्रैमास धान दिवस जस्तै हो । किसानको पिरलो बेग्लै छ । न उनीहरुलाई राष्ट्रिय धान दिवसले छोएको छ, न धान रोपेर पल्दासम्म किसान खुशी भएका छन् । यतिबेला वर्षेधानको मूल्य २० रुपैयाँ केजीमा पनि बिक्री हुन सेकेको छैन । ७ वर्ष अघि पनि वर्षे धानको मूल्य प्रतिकेजी २० रुपैयाँ नै थियो । यो बीचमा भएको ज्यालादरमा बृद्धि, मल, बीउको महंगी, रोग कीराको आक्रमण सबै बढेको छ । धानको ब्याड राख्ने बेलादेखि खेत खनजोत, आली लगाउने, धान रोप्ने, गोडमेल गर्ने, मल हाल्ने, फलेपछि धान काट्ने, बिटा लगाउने सबै काम ज्यालामा लगाउने हो भने धान बिक्रीबाट आएको पैसा भन्दा धान फलाउन लागेको रकम दोब्बर हुन पुग्छ । यो अवस्थामा किसान कसरी खुशी हुन सक्छ ? किसानले धान दिवस के का लागि मनाइदिन पर्ने ? यो धान दिवस कर्मचारी, नेता, ब्यापारीको मनोरन्जन गर्ने दिवस मात्र हो । समग्र कृषिले देशको कुल गार्हस्थ उत्पादनमा करिव २६ प्रतिशत योगदान दिएको छ । असार १५ मा धानदिवस मनाउनकै लागि गमलामा धान रोप्ने, धानको बीउको माला घाँटीमा भिर्ने जस्ता कुरा लाजमर्दो छ ।

धानका बीउको माला लगाएर फेसबुक र टिकटकका लागि धान रोप्ने नाममा बीउ खेर फाल्ने क्रियाक्लापले न त कृषिप्रति आकर्षण बढाउने काम गरेको छ न कृषकको सम्मान नै भएको छ । राजनीतिक दलका नेताले सकीनसकी रोपाइँ गरेको ठाउँमा गएर धान रोपेको फोटो खिचाउने प्रवृत्तिले त किसानप्रति नै व्यंग्य गरेको छ । शासनसत्ताको बागडोर हातमा लिनेले किसानलाई समयमा मल, बीउ उपलब्ध गराउन पहल नगर्ने, मलमा कालोबजारी गर्ने अनि किसानको खेतमा गएर धान रोपेको फोटोसेसन गराउने कामले धान दिवसको उद्देश्य पूरा हुनै सक्दैन । कुल कृषिउत्पादनमा धानको २० प्रतिशत योगदान छ मलखाद जस्ता अन्य आवश्यक विषयमा पनि हाम्रो समाज कमजोर नै छ । त्यसैले दक्षिण एसियामा नेपालको उत्पादकत्व थोरै रहेको छ । खेतीपाती गर्नुपर्ने बेला देशैभर किसानहरु मलको खोजीमा दौडनुपर्ने बाध्यता जारी छ । तिनै किसानले धान दिवस किन मनाइरहनु पर्छ ? आफ्नो खेत खाली भएपनि खेतमा काम गर्ने लाठे, रोपार बन्दोबस्त जुन दिनलाई गर्न सकिन्छ त्यही दिन धान रोप्नुको बिकल्प किसानसँग छैन । तिनै किसानले उब्जाएको धानले हाम्रो पेट भर्नु पर्ने बाध्यता छ । सोझो हिसाबले नेपाललाई पूर्ण आत्मनिर्भर हुन ७५ लाख मेट्रिकटन धान बर्सेनि चाहिन्छ । तर, सरकारी अधिकारीहरु चाहिँ सहरका बासिन्दाले बासनादार आयातित चामल रुचाउनाका कारण चामल आयातको परिमाण बढेको र डिमेट जवाफ दिने गरेका छन् । ३/४ दशक अगाडि हाम्रो देश धानमा आत्मनिर्भर थियो । त्यतिखेर जनसंख्या थोरै थियो । अहिले उत्पादनका साथै जनसंख्या बढेको छ । तर, सहरका हुनेखाने वर्गले भारतीय मुलुकबाट आयात गरिएका दिल्लीगेट मन्सुली, लालकिल्ला मन्सुली, पञ्जावी वास्मति जस्ता चामल खाने गरेका छन् । जसले आयात गरेको चामल खान्छन् तिनै बर्गलाई धान दिवस उग्र रुपमा लाग्ने गरेको छ । धान दिवस मनाउने नक्कली किसानको संख्या बृद्धि हुँदै जानु र धान आयात पनि बढ्दै जानु संयोजको विषय मात्र नहुन सक्छ ।

सरकारले पाँच वर्षमा कृषिउत्पादन दोब्बर बनाउने लक्ष्य राखेको भएपनि त्यो पूरा हुन सकेन । सिँचाइ, मलखाद, बीउबीजन, यान्त्रिकरण तथा कृषिक्षेत्रमा कामदार अभावजस्ता विद्यमान समस्या ज्यूँ का त्यूँ रहेसम्म सरकारी लक्ष्य आकाशको फल मात्र हुने हो । सरकारी संयन्त्रलाई किसानको मल बीउको समस्यामा कमिसनको गन्ध आइरहेसम्म सुधार हुनेवाला छैन । युवालाई कृषिकार्यमा आकर्षित गर्ने विषयमा चर्का भाषण गर्ने मन्त्रीहरु मल, बीउ, कीटनाशक औषधिको समस्यासँग परिचित छैनन् । खेतबारीमा काम गरेर फर्केका, पसिनाले निथ्रुक्क भिजेका, भारी बोकेका किसानलाई भन्दा भ्रष्टाचार गरेर, देशको राजश्व मारेर, कुनै न कुनै रुपमा लुटेर भएपनि टाई सुट लगाएका मानिसलाई सम्मान गर्ने परिपाटीले उत्पादकत्व बढ्ने होइन घट्ने नै हो । घाँसको भारी बोकेर आएका किसानलाई सडक पार गर्न घन्टौं कुराएर राख्ने सुरक्षाकर्मीले राज्यकोष ठगेर चिल्ला गाडी चढ्नेलाई पहिलो प्राथमिकता दिइरहेको देखिन्छ । श्रम र पसिनाको महत्व छैन यो देशमा । त्यसैले युवा खाडी जाने लाइनमा उभिएका छन् । विद्यालय तहको पढाई पूरा गर्न नपाउँदै खाडीमा पसिना बगाउन जाने युवालाई रोक्ने कुनैपनि योजना तीनै तहका सरकारसँग छैन । त्यसैले एक दिन खेतमा धान रोपेको फोटो सामाजिक संजालमा पोष्ट गर्ने परम्परा परिवर्तन हुनु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असार १७ गते सोमबार १ जुलाई २०२४ । दशमी, आषाढ कृष्णपक्ष । तछलागा ११४४ ने.सं. । सूर्योदय ५:१३, सूर्यास्त ७:०२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : रमाइलो यात्रा हुनेछ | तुला | : धार्मिक आस्था बढ्नेछ |
| वृष | : धन कमाउने योग परेको छ | वृश्चिक | : कल्याणकारी कार्यकोअवसर मिल्नेछ |
| मिथुन | : पश्चात्ताप लाग्नेछ | धनु | : अधिक परिश्रम गर्नु पर्नेछ |
| कर्कट | : शारीरिक आलस्यता बढ्नेछ | मकर | : मेहनतको फल पाइनेछ |
| सिंह | : सकारात्मक सोचाइ रहनेछ | कुम्भ | : कार्यभार र व्यस्तता बढ्नेछ |
| कन्या | : दया मायाका कार्य हुनेछन् | मीन | : व्यापार-व्यवसाय सामान्य रहनेछ |

# नेपालको राजनीतिक दिशाबोधमा जननेता मदन भण्डारी



✍खगराज अधिकारी

नेपाली राजनीतिको तत्कालीन अन्तर विरोधको अवस्थामा जनाधिकार प्राप्तिका लागि गरिने संघर्षका सवालमा मुलुकको वामपन्थी आन्दोलनलाई नवीन विचारका साथ दिशाबोध गर्ने काम जननेता मदन भण्डारीले गर्नुभएको हो । शान्तिपूर्ण जनसंघर्ष नै संघर्षको मुख्य रूप हो भन्ने विचार नेपाली राजनीतिको व्यवहारमा पुष्टिसमेत भएपछि, मार्क्सवादको आलोकमा सिर्जित उक्त नवीन विचार एवं कार्यक्रम जनताको बहुदलीय जनवादका रूपमा विकसित भई मार्गदर्शक सिद्धान्तको रूपमा स्थापित भएको छ ।

विद्यमान शक्ति सन्तुलनको आधारमा आफ्नो प्रतिस्पर्धी शक्ति राजतन्त्र र नेपाली जनताको बीचको समस्या समाधान यही शान्तिपूर्ण जनसंघर्षको माध्यमबाट हुन सक्छ भन्ने निष्कर्ष २०४६ साल भदौमा भएको नेकपा (माले) द्वारा आयोजित चौथो महाधिवेशनमा जननेता मदन भण्डारीले निकाल्नुभएको सही राजनीतिक कार्यदिशा थियो ।

त्यसैको आधारमा मूलत: वामपन्थी शक्तिहरूबीच कार्यगत एकता स्वरूप वाममोर्चा निर्माण भयो । त्यही वाममोर्चा र नेपाली कांग्रेसका बीच संयन्त्रको माध्यमबाट संयुक्त संघर्षको घोषणा भयो । २०४६ साल फागुन ७ गतेबाट सुरु भएको शान्तिपूर्ण जनसंघर्षलाई निरंकुश र ाजतन्त्रले पञ्चायती व्यवस्था कायम गर्न बर्बर दमन चक्र चलायो ।

संघर्षको मैदानमा आम जनताको आँधिबेहेरी उत्रियो । २०४६ साल चैत्र २५ गते पञ्चायत व्यवस्था र राजाले घुँडा टेकेपछि चैत्र २६ गते जनताको पहिलो जित वा विजयको घोषणा भयो । परिणाम स्वरूप जेलमा रहेका संपूर्ण राजबन्दीहरू रिहा भए । दलमाथिको प्रतिबन्ध फुकुवा भयो ।

राजाले अझ पनि बहुदलीय पञ्चायती व्यवस्थाको घोषणा गर्न खोजे । तर जननेता मदन भण्डारीको दूरदर्शी नेतृत्वले त्यसलाई इन्कार गऱ्यो । नेपाली कांग्रेसको सम्झौतापरस्त दृष्टिकोणले फेरि धोका हुन सक्छ भन्ने आशंकाको बीच नेपाली जनताको संघर्षको ज्वारभाटा उर्लियो । वैशाख पहिलो हप्तामा राष्ट्रिय पञ्चायत लगायतका पञ्चायती संरचनाहरू विघटन भए । राजा, कांग्रेस र वामपन्थी सम्मिलित अन्तरिम सरकारको गठन भयो । जनआन्दोलनको भावनालाई कदर गरी नयाँ संविधान निर्माणको लागि संविधान निर्माण आयोग गठन भयो ।

त्यसले नयाँ सविधान बनाउने अधिकार पाएसँगै धेरै बहस र छलफलहरू भए । संविधान निर्माण आयोगले लामो विवाद र अन्तरविरोधका बीच सार्वभौम संसदसहित राजकीय सत्ता जनतामा रहने विषय भएको घोषणा गऱ्यो ।

कतिपय सवालमा निरंकुश राजतन्त्रका पक्षपातीका आडभरोसामा राजाले आनकानी गरे पनि जनमत संग्रह गरेर राजतन्त्रका बारेमा टुंगो लगाउन सकिने प्रावधान सहितको संविधान आयोगले टुंगो लगायो । तर तत्कालीन मन्त्रि परिषद्ले त्यसलाई सम्पादन गरी हिन्दू राजतन्त्रात्मक संवैधानिक राजतन्त्र सहितको बहुदलीय व्यवस्थाको टुंगो लगाएको थियो ।

तत्कालीन राजा र राजतन्त्रको अनिच्छा हुँदाहुँदै जनबलको आधारमा नेपाल अधिराज्यको संविधान २०४७ जारी भयो । त्यसमा कतिपय गम्भीर कमजोरीहरू पनि रहेकाले एमालेले आलोचनात्मक समर्थन जनाएको थियो ।

जनसंघर्ष र त्यसमा वामशक्ति, राजा र कांग्रेसबीचको शक्ति सन्तुलनको अवस्थाको कारण कतिपय सवालमा कांग्रेस र राजाको वर्ग स्वार्थमिलनको कारणले शाही सेना, श्री ५ को सरकारजस्ता लोकतन्त्र विरोधी प्रावधानहरू रहेको संविधान जारी भयो ।

त्यो संविधानले ३ वर्ष पूरा काम गर्न पाउँदा नपाउँदै नेपाली कांग्रेसको विपक्षीलाई निषेध गर्ने राजनीतिक चरित्रका कारण देशभित्र हिंसाको राजनीति सुरु हुन थाल्यो । त्यसो त २०४८ सालको आम निर्वाचनमा नेपाली कांग्रेस सुविधाजनक बहुमतसहित सरकार बनायो भने एमाले सशक्त प्रतिपक्षका रूपमा संसदमा आएको थियो ।

कांग्रेसभित्रको आन्तरिक कलहका कारणले २०५१ सालमा मध्यावधि निर्वाचन भयो । तीन किस्तामा आम चुनाव गराइयो । जनमतका आधारमा नेकपा एमालेले ठूलो दलको हैसियतले पहिलो पटक कम्युनिष्ट पार्टीको एकल सरकार गठन गऱ्यो ।

विधिको शासन, संविधानको सर्वोच्चता, शक्ति पृथकीकरणको सिद्धान्तको पालना, कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकाको व्यवस्था, शक्ति नियन्त्रण र सन्तुलन जस्ता लोकतान्त्रिक व्यवस्थाको आधारमा कम्युनिष्ट पार्टीलाई अघि बढाउने र आवधिक निर्वाचनको माध्यमबाट बहुमत प्राप्त गरे सरकार बनाउने, बहुमत प्राप्त गर्न नसके प्रतिपक्षमा रहेर जनताको पक्षमा आवाज उठाउनेजस्ता संवैधानिक प्रावधानलाई अंगिकार गर्ने नीति लिइयो ।

प्रतिष्पर्धा र श्रेष्ठताको नीतिलाई आत्मसात् गरेर संविधानवादको आधारमा मुलुकलाई अगाडि बढाउने जनताको बहुदलीय जनवाद नेपाली क्रान्तिको कार्यक्रम २०४९ को पाँचौं महाधिवेशनबाट जननेता मदन भण्डारीले प्रतिपादन गरेको विचारबाट पार्टी अगाडि बढ्दै जाँदा २०५१ सालको निर्वाचनमा नेपालमा पहिलो कम्युनिष्ट सरकार बन्यो ।

आफ्नो गाउँ आफैं बनाउँ, नौ 'स' का कार्यक्रम, ज्येष्ठ नागरिक र अशक्त नागरिकलाई भत्ताजस्ता लोककल्याणकारी राज्यका अवधारणाका आधारमा नेपाली जनताले कम्युनिष्ट सरकारको लोकप्रियता नजिकबाट बुझ्न पाए ।

हुन त यस बीचमा नेपाली जनताका अत्यधिक लोकप्रिय जननेता मदन भण्डारीलाई षडयन्त्रपूर्वक हत्या गरिएको थियो । हत्याका सारा सबुत नष्ट गरिसकेपछि र आन्दोलनको सृष्टि भइसकेपछि तथाकथित छानबिन आयोग बनाइएको थियो । आफ्ना प्यारा र अद्वितीय नेताको अकल्पनीय हत्यापछि शोकाकुल भएको नेकपा (एमाले) शोकलाई शक्तिमा बदलेर उठ्यो ।

जननेताको हत्याको बदला आफ्नो सांगठानिक सुदृढीकरणको माध्यमबाट एमालेले विषेश योजना बनायो । तदअनुरूप २०५१ को निर्वाचनपछि पहिलो कम्युनिष्ट सरकार बनायो । विश्व राजनीतिको नेपाली प्रभावका शक्तिहरूले नेकपा (एमाले) को लोकप्रिय सरकारलाई अशोभनीय ढंगले अदालत र संसदको सभामुख सहितको अनुचित प्रयोगका साथ विस्थापित गराए । त्यसको परिणाम स्वरूप संसदीय व्यवस्थामा विकृति र विसंगतिहरू देखिन थाले ।

सांसदहरूको खरिदबिक्रीमा मन्त्रीहरू लागिपर्ने र नेपाली कांग्रेसको व्यापक जनविरोधि गतिविधिले गर्दा वामपन्थी आन्दोलनमा उग्रपन्थी धाराले आकार ग्रहण गऱ्यो । त्यसको परिणाम स्वरूप दश वर्ष सशस्त्र द्वन्द्वमा मुलुक अल्मलियो । ठूलो धनजनको क्षति भयो तर पनि सशस्त्र हिंसाको बाटो सफल हुन सकेन । अन्ततवगोत्वा संविधान सभा, विस्तृत शान्ति सम्झौता, संयुक्त राष्ट्र संघीय नियोगको सहजीकरणमा समाधानतर्फ मुलुक जानु पऱ्यो । आज हामी निर्वाचनको माध्यमबाट मुलुकमा राजनीतिक उद्देश्य पूरा गर्न पाउने बाटोमा आइपुगेका छौं । निर्वाचन पद्धति र शासकीय स्वरूपको नेपाली संवैधानिक व्यवस्थाका कारण र विश्वराजनीतिका प्रभावका कारणले अहिले स्थापित राष्ट्रिय राजनीतिक शक्तिहरूका बीचको अविश्वासका कारणले समृद्धिको अविरल यात्रामा बाधा अवरोधहरू देखिएका छन् ।

यसबाट अस्थिरता देखिन थालेको छ । संघीय प्रणालीको मेरुदण्ड प्रदेश संरचनाले चुनौतीको सामना गरिरहेको छ । समावेशी समानुपातिक निर्वाचन प्रणालीको विद्यमान व्यवस्थामा आवश्यक परिवर्तनका सवालहरू उठिरहेका छन् ।

संघीय लोकतान्त्रिक गणतन्त्रको अन्य विकल्प हुन सक्तैन । यसको विकल्प सदृढ एवं पूर्ण लोकतन्त्र नै हो । संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, सुशासन, स्वास्थ्य शिक्षा रोजगारी र सुदृढ राष्ट्रिय अर्थतन्त्र सहितको पूर्ण लोकतन्त्र नै अहिलेको आवश्यकता हो । यसका लागि हामीले जनताको बहुदलीय जनवादको मार्ग दर्शनमा सामन्तवाद र साम्राज्यवादको अवशेषहरूको उच्छेद गर्दै समाजवादी अर्थ व्यवस्था तर्फको यात्रा सुरु गर्नुपर्दछ ।

सहकारी, सार्वजनिक र निजी क्षेत्रको लगानीमार्फत उत्पादकत्व वृद्धि गर्दै दलाल पुँजीवादलाई विस्थापित गर्ने, कृषि क्षेत्रलाई व्यावसायीकरण, यान्त्रिकीकरण, वैज्ञानिकीकरण गर्दै औद्योगिकीकरणतर्फ मुलुकलाई अगाडि बढाउँदै सेवामुलक उद्योग व्यवसायतर्फ लैजानु अहिलेको ज्वलन्त आवश्यकता हो ।

यसलाई गहिरोगरी सबै पक्षले गम्भीर चिन्तन मनन गरी सोच्नुपर्दछ । फेरि पनि यसको सफल कार्यान्वयन गर्न दृढ राजनीतिक इच्छा शक्तिको आवश्यकता पर्दछ । आगामी निर्वाचनमा समानुपातिक एवं प्रत्येक्ष निर्वाचनतर्फ राष्ट्रिय राजनीतिको प्रमुख शक्ति एमालेलाई तीनै तहका सरकारहरूको नेतृत्व गर्ने निर्णायक शक्तिमा पुऱ्याएर मात्र त्यो काम गर्न सकिन्छ ।

यसरी नै राष्ट्रिय स्वाधीनता, सामाजिक सद्भाव, सुदृढ अर्थतन्त्र सुशासनयुक्त मुलुक, बनाउन सकिन्छ र जननेता मदन भण्डारीले देखाउनुभएको बाटोमा मुलुकलाई अझ अगाडि बढाउन सकिन्छ । यसर्थमा मात्र जननेता मदन भण्डारीप्रति सच्चा भावपूर्ण श्रद्धान्जली व्यक्त हुन सक्दछ र उहाँको विचार र योगदानको कदरका लागि सार्थकता पनि यसैमा हुन्छ ।

*(साभार: अनलाइनखबर)*

# जिन्दगीमा वास्तविक सुखको मुहान

✍ प्रेम रावत

समय त बितिरहन्छ । हामी जुन चीजका पछि लागे पनि समय फेरिइरहन्छ, हामी परिवर्तन भइरहन्छौं । कहिले यता गइरहेका हुन्छौं, कहिले उता गइरहेका हुन्छौं । अनि, मनको कुरा के हो ? दुईजना मानिस गइरहेका थिए । उनीहरूले एउटा एकदमै मजाले फहराइरहेको झन्डा देखे । एकजनाले भन्यो, 'यो झन्डा फहराइरहेको होइन । हावा नै यस्तै तरिकाले चलिरहेकाले यो यताउता हल्लिरहेको छ ।' अर्कोले भन्यो, 'होइन, यो त झन्डा हो । झन्डा नै फहराइरहेको छ ।'

उताबाट एकजना मानिस आइरहेका थिए । तिनीहरूले ती मानिसलाई रोकेर भने, 'लौ न, हाम्रो शङ्काको निवारण गरिदिनुपऱ्यो ।' एकजनाले भनिरहेको छ, हावा यताउता चलिरहेकाले यो पनि यताउता फहराइरहेको छ । अनि, अर्कोले भनिरहेको छ- होइन, यो झन्डा नै यताउता फहराइरहेको छ । ती मानिसले भने, 'न हावा फहराइरहेको छ, न त झन्डा नै फहराइरहेको छ । तपाईंहरूको मनचाहिँ यताबाट उता फहराइरहेको छ । यसकारण तपाईंहरू एक-आपसमा यो कुरा गरिरहनुभएको छ ।'

एउटा समय त्यस्तो पनि आउनेछ, जतिखेर झन्डा पनि फहराउनेछैन । एउटा समयमा हावा पनि चल्नेछैन तर तपाईंको मनचाहिँ दौडिरहनेछ । कहिले यता जान्छ, कहिले उता जान्छ । यसर्थ जब हाम्रो जीवनमा कोही यस्ता व्यक्ति आउँछन्, जसले आफ्नो सन्देशका माध्यमबाट ज्ञानद्वारा हाम्रो जीवनमा प्रकाश ल्याइदिन्छन्, के हामीले 'वास्तवमा म भड्किन चाहन्न' भनेर आफ्नो जीवनका बारेमा सोच्नु आवश्यक छैन र ! 'मैले मेरो वास्तविक गन्तव्यतिर जानु आवश्यक छ, जहाँ पुगेपछि मलाई शान्तिको अनुभूति हुनेछ, जहाँ पुगेर म आफूले आफूलाई राम्रोसँग बुझ्न सक्नेछु ।'

यदि कसैको विवाह भयो भने मानिसहरूले आफ्ना सारा नातेदारहरूलाई बोलाउँछन् । तपाईंले सबै नातेदारहरूलाई हेरि रहेका समयमा कहिल्यै यस्तो एउटा विचार पनि आउँछ होला त- यदि यो श्वास आएन भने एकजना पनि आफन्त हुनेछैन । कुनै नाता हुनेछैन । कसैले यो विचार पनि गर्नुहुन्न होला- 'यी वर-वधूको त भर्खर-भर्खरै मात्रै विवाह भएको हो तर यी नववर-वधूको वास्तविक सम्बन्ध केसँग छ !' श्वाससँग छ । यदि श्वास नै नहुने हो भने जग्गे कसले घुम्थ्यो ? कसैले पनि घुम्दैनथ्यो । जे जति पनि भइरहेको छ नि, त्यो सबै तपाईं जीवित हुनुभएकाले भएको हो । अनि अर्को कुरा त के हो भने, के कहिल्यै हामी किन जीवित छौं भन्ने बारेमा बुझ्ने कोशिश गऱ्यौं त ? किन यो श्वास आइरहेको छ ! तपाईं हुनुहुन्छ, यो के हो ? तपाईं यी तत्वहरूले बन्नुभएको छ- कार्बन, अक्सिजन, हाइड्रोजन, नाइट्रोजन, क्याल्सियम, फस्फोरसबाट । अनि, जुन दिन यो श्वास रहँदैन तब यी सारा चीज फेरि जहाँ-जहाँबाट आएका हुन्, फर्केर त्यसमै विलय हुनेछन् । त्यसपछि के रहन्छ त ? केही रहँदैन ।

त्यसैले किन आएका छौं ? हामी किन छौं ! यी झन्झटहरूमै फस्नका लागि हो त ? दु:ख सहन गर्नका लागि हो त ! के तपाईं दु:खमा अभ्यस्त हुनुभएको हो ! तपाईं भ्रमित रहने कुरामा अभ्यस्त हुनुभएको हो ! दु:ख के हो अनि वास्तविक सुख के हो ? मानिस दु:ख सहनका लागि आएको हो भन्ने हो भने त यी चीजहरूको सही सदुपयोग त भएन । मानिसहरू भन्छन्- 'तपाईंको कर्म राम्रो नभएकाले तपाईं दु:खमा हुनुहुन्छ ।' तथापि कसैले के कुरा भन्दैन भने यो दु:खी समयमा पनि तपाईंले त्यो सुखको अनुभव गर्न सक्नुहुन्छ ।

हजारौं थरीको कुरा गर्नेहरू त धेरै नै छन् । तर, तपाईं अहिले दु:खी हुनुभए पनि यसरी दु:खी हुनुपर्ने कारण के हो भनेर बुझाउने कुरा फरक हो । यस दु:खमा पनि यदि तपाईंले म जुन कारणले दु:खी छु त्यो समस्या हटेपछि म सदाका लागि सुखी हुनेछु भनेर सोच्नुहुन्छ भने त्यो तपाईंको भ्रम मात्रै हो । किनभने, फेरि दु:ख दिने कुनै अर्को समस्या आइपुग्नेछ अनि त्यसले तपाईंलाई फेरि दु:खी तुल्याउनेछ । यदि त्यो कारण हट्यो भने पनि कुनै अर्को समस्या आउनेछ अनि त्यसले फेरि दु:खी तुल्याउनेछ । त्यसैले यदि त्यो समस्यालाई समाधान गरे फेरि अर्को नयाँ कुनै कारण उब्जनेछ अनि त्यसले पनि तपाईंलाई दु:खी तुल्याउनेछ । यदि यो कुरा तपाईंको जीवनमा दशपटक, बीसपटक, सयौंपटक भए पनि के तपाईंलाई थाहा छ- हरेकपटक तपाईंलाई दु:ख परेका समयमा 'ती सृष्टिकर्ता जो वास्तविक सुखको मुहान हुन्,' त्यतिखेर पनि तपाईंभित्रै थिए । यसर्थ त्यो दु:खमा पनि तपाईं त्यस सुखको अनुभव गर्न सक्नुहुन्छ । यो कुरा आफैँमा एकदमै महत्त्वपूर्ण विषय हो ।

चाहे जेसुकै भए पनि सबैले त्यसको सामना गर्नुपर्ने हुन्छ । जसले यो दु:खलाई सामना गर्छ त्यो महान् हो भनेर कसैले बुझ्छ भने त्यो कुरा सही होइन ! जसले त्यो दु:खमा पनि उसभित्रको वास्तविक सुखलाई अनुभव गर्दछ, जसले त्यो विधिलाई जान्दछ तब उसले दु:खी हुनुपर्ने आवश्यकता नै पर्दैन । त्यो आफैँमा पनि उसका लागि आफ्नो जीवनको छुट्टै अनुभव हो । उसले जेसुकै गरोस्, जहाँसुकै जाओस् तर उसमा त्यो सत्यसँग एउटा नातो गाँसिएको छ । अनि, उसलाई यो संसारमा रहेर पनि वास्तविक चीज के हो भन्ने कुरा थाहा छ ।

एउटा कथा छ । एकपटक एकजना सन्तकहाँ एक महाविद्वान् आए । सन्तले सोधे, 'चिया लिनुहुन्छ कि ?'
भने, 'हुन्छ, लिन्छु ।'
उनले कसैलाई अराए, 'चिया ल्याऊ त ।'

चिया आयो । सन्तले कपमा चिया भर्न शुरु गरे । हाल्दै गए, हालिरहे, हालिरहे कप पूरा भरियो । फेरि पनि हालिरहे । तब पनि हाल्न छोड्दैनन् । हालिरहन्छन् अनि त्यो चिया भुइँमा बगिरह्यो । तब पनि हालिरहेकै छन् । चिया खन्याइरहेकै छन् ।

महाविद्वान्ले भने, 'तपाईं यो के गरिर हनुभएको छ ? कप त भरिसक्यो । यसमा अब अलिकति पनि थप्न सकिँदैन ।'

त्यसपछि सन्तले भने, 'तपाईंमा पनि यही कुरा लागू हुन्छ । तपाईं पहिल्यै भरिनुभएको छ । तपाईंमा अरु केही पनि अटाउनेछैन । पहिला आफूले आफूलाई खाली गर्नुहोस् ।'
खाली कस्तो हुन्छ ? के तपाईंलाई तपाईं के हुनुहुन्छ भन्ने कुरा थाहा छ ?
आत्मज्ञानविना मानिस भड्किन्छ, कहिले मथुरा कहिले जान्छ काशी ।
मृगको नाभीमै छ कस्तूरी तर खोज्छ वन-वनमा भई उदासी ।

एकपटक मेरो खुट्टामा दु:खाइको महसुस भइरहेको थियो तर मलाई त्यसको बानी परि सकेको थियो । जुत्ता फुकालेपछिचाहिँ निकै सन्चो हुन्थ्यो । मैले एउटा पसलबाट आरामदायक जुत्ता किनें । पसलेले भने, 'जुत्तालाई झोलामा राखिदिऊँ?' मैले भनें, 'होइन, परेन ।' त्यसपछि मैले त्यो आरामदायक जुत्तालाई खुट्टाबाट निकालिन । किन निकाल्ने ! त्यो खुट्टा दुखाउने जुत्तालाई फेरि किन लाउने ? मैले त्यो जुत्तालाई निकालिन । यसरी नै तपाईंको जीवनमा दु:ख आयो भने के तपाईं त्यो दु:खबाट बच्ने विधिका बारेमा जानकार हुनुहुन्छ या हुनुहुन्न ? कि भगवान्सँग 'म यो दु:खलाई सहन गर्न सकूँ भगवान्' भनेर प्रार्थना गर्नुहुन्छ ? दु:खमा रहेर तपाईं केवल दु:खी हुन सक्नुहुन्छ । सुखी हुन सक्नुहुन्न । तपाईंको जीवनमा दु:खको व्यवस्था छ भने सुखको पनि व्यवस्था छ । तपाईं दु:खी हुनुभएको समयमा पनि सुख हुन्छ । सृष्टिकर्तासँग यो दु:ख मेटियोस् भनेर प्रार्थना गर्नुहुन्छ नि ! सृष्टिकर्ताले जे गर्नुपर्ने थियो त्यो त उनले गरिदिएका छन् । उनले त तपाईंको जन्मभन्दा पहिल्यै तपाईंका लागि सबै प्रबन्ध मिलाइदिएका छन् । अज्ञानलाई बनाए तर ज्ञानलाई पनि बनाए । अँध्यारोलाई बनाए तर प्रकाशलाई पनि बनाएका छन् । तथापि, तपाईंलाई तपाईंभित्र विराजमान रहेको त्यो चीजसम्म पुग्ने विधि चाहिएको छ । भ्रमित नहुनुहोस् अनि दु:खको घडीमा पनि त्यो वास्तविक सुखको अनुभव गर्नुहोस् ।

हामीले आफ्नो जीवनमा त्यो सन्तुलनलाई कायम गर्नुपर्छ, जुन अत्यावश्यक छ । यसको अर्थ जीवनमा शान्ति र आनन्दलाई अपनाउनुपर्छ । तर, जुन चीजका लागि हामी बाँच्छौं- त्यो हो हाम्रा इच्छाहरू, जुन कहिल्यै पनि पूरा हुँदैनन् । हरेक मानिस आफ्नो चाहनालाई पूरा गरेर धनी बन्न चाहन्छ । यदि हामी साँच्चै नै जीवनलाई सन्तुलित बनाउन चाहन्छौं भने हामी फदयबाट नै धनी बन्नुपर्दछ । हामी फदयबाटै दरिद्र भयौं भने हामीसँग जतिसुकै पैसा भए पनि, हामी गरिबको गरिब नै हुन्छौं । हामीले आफ्नो जीवनको वास्तविक उद्देश्यलाई बुझ्नुपर्छ । यसका लागि सबैभन्दा पहिला मानवता हुनु आवश्यक छ । यद्यपि सबैभन्दा ठूलो मानवतालाई पहिला हामी आफैँले आफ्ना लागि अपनाउनुपर्छ । के कुरा बुझ्नु आवश्यक छ भने, सबैभन्दा पहिला हामी आफैँसँग खुशी छौं कि छैनौं ? किनभने, यदि हामी आफू नै खुशी भएनौं भने त अरू कसैलाई पनि खुशी राख्न सक्दैनौं । हुनसक्छ यसका बारेमा तपाईंले कहिल्यै विचार गर्नुभएको छैन होला तर अब सोच्ने बेला आयो ।

यदि साँच्चै नै तपाईं सफल हुन चाहनुहुन्छ भने सफलता 'अहिले'बाट शुरु हुन्छ । कुरा पछिको होइन, अहिलेको हो । त्यो थैलीलाई खोल्नुहोस्, जसमा तपाईंको जीवनको सम्पत्ति छ । तपाईंको जग कत्तिको बलियो छ ? किनभने, जुन जगमा शान्ति छ, त्यही नै तपाईंको शक्ति हो । यदि तपाईंको जग सबल छ भने तपाईं डराउनु आवश्यक छैन । आफ्नो जगलाई बलियो बनाउनुहोस् । फलत: तपाईंलाई सही तरिकाले सफल हुन सक्ने आधार बनोस् । यो तपाईंकै हितको लागि हो । *(साभार: नेपाल समाचार-पत्र)*

## २१ औं धान दिवस :

# घट्दै धान खेती क्षेत्र, प्रविधिले बढ्दै उत्पादन

काठमाडौं/सरकारले राष्ट्रिय धान दिवसका अवसरमा आज शनिबार भव्यतासाथ कार्यक्रम गर्दै छ । २१औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव पहिलो पटक काठमाडौं उपत्यका बाहिर चितवनमा हुँदैछ ।

कृषि मन्त्रालयले चितवन बछौलीमा डेढ बिघामा रोपाइँ गरेर औपचारिक धान दिवस मनाउन लागेको हो । मन्त्रालयले धान दिवसका अवसरमा भव्य कार्यक्रम गर्दै गर्दा धान खेती हुने क्षेत्रफल भने घटेको देखिन्छ ।



नेपालमा पछिल्लो समय धान उत्पादनका लागि खेती हुने क्षेत्रफल घट्न थालेको छ । चालु आर्थिक वर्ष २०८०/८१ मा कुल धानबाली भित्र्याइएको क्षेत्रफल गत आवभन्दा ०.६१ प्रतिशत अर्थात् ८ हजार ८ सय हेक्टरले कमी भएको कृषि विभागले जनाएको छ ।

अहिले धान खेती हुने क्षेत्र १४ लाख ३८ हजार ९ सय ८९ हेक्टर कायम हुन पुगेको छ । यो क्षेत्रफल गएका चार आवर्षको औसत क्षेत्रफलको तुलनामा १.७३ प्रतिशतले कम हो । धान खेती क्षेत्र घटे पनि उत्पादन भने केही बढेको विभागले जनाएको छ । चालु आव कुल धान उत्पादन गत आव २०७९/८० भन्दा ४.३३ प्रतिशतले वृद्धि भएको हो ।

चालु आव धान उत्पादन ५७ लाख २४ हजार २ सय ३४ टन पुगेको छ, जुन चार वर्षको औसत उत्पादन तुलनामा ५.०८ प्रतिशतले बढी हो । यस्तै धानबालीको औसत उत्पादकत्व गत आवको तुलनामा ४.९७ प्रतिशतले वृद्धि भएर प्रतिहेक्टर ३.९८ टन पुगेको छ, जुन चार वर्षको औसत उत्पादकत्वभन्दा ६.९२ प्रतिशत बढी हो ।

कृषि विभागबाट प्राप्त तथ्यांक अनुसार चालु आव धान उत्पादन कोसी प्रदेशमा उच्च छ भने कर्णाली प्रदेशमा न्यून छ । चालु आव उत्पादकत्वतर्फ कोसी प्रदेश प्रतिहेक्टर ४.४३ टनसहित अग्र स्थानमा छ भने मधेश प्रदेश प्रतिहेक्टर ३.४९ टनमा सिमित भए न्यून स्थानमा छ ।

**क्षेत्रफल घट्दा कसरी बढ्यो उत्पादन ?**

कृषि मन्त्रालयका अनुसार चालु आव धान उत्पादन वृद्धि हुनुमा उन्नत बिउ उपलब्धता र प्रयोग, रोग किरा प्रकोपमा कमी आएकाले हो ।

यस्तै यो आव बाढी-पहिरोबाट धान बालीमा पर्न जाने नकरात्मक असरमा कमी, मलखाद उपलब्धतामा आएको सुधारलाई उत्पादन बढ्नुको कारण मन्त्रालयले उल्लेख गरेको छ ।

उत्पादन बढ्नुलाई कृषि औजार र प्रविधि प्रयोग तथा मौसमी अनुकूलतालाई लिइएको छ । मधेश प्रदेशका केही जिल्लामा धान रोप्ने समयमा पर्याप्त वर्षा नभएका कारण समग्र प्रदेशको उत्पादन र उत्पादकत्वमा गत आवको तुलनामा ह्रास आएको छ ।

**चैते धान उत्पादन र क्षेत्रफल दुवै घट्यो**

गत आव तुलनामा कुल धान उत्पादन बढ्दा चैते धान उत्पादन र खेती हुने क्षेत्र तथा उत्पादकत्व घटेको छ । गत आव ५ लाख ४० हजार ३ सय ३१ टन उत्पादन भएको धान चालु आव ५ लाख २० हजार ८ सय ८ टनमा सीमित भएको छ ।

यसरी हेर्दा गत आवभन्दा चालु आवमा चैते धान उत्पादन ३.६१ प्रतिशत ऋणात्मक देखिन्छ । यस्तै चैते धान खेती हुने क्षेत्रफल पनि ३.५९ प्रतिशत गत आवभन्दा घटेको छ । आव १ लाख ८ हजार ६ सय ७ हेक्टरमा खेती भएको चैते धान चालु आव १ लाख ४ हजार ७ सय १२ हेक्टरमा मात्रै उत्पादन हुन भएको हो ।

**अर्बौंको धान-चामल आयात**

नेपालले चालु आव ११ महिनामा २० अर्ब बराबरको धान-चामल आयात गरेको छ । कृषि मन्त्रालयका अनुसार २०८०/८१ जेठ मसान्तसम्म ११ अर्ब ५५ करोड २५ लाख ७९ हजार रुपैयाँका ३० करोड ५३ लाख १० हजार ५ सय २० किलो धान आयात गरेको छ ।

यसैगरी ८ अर्ब ६९ करोड ६ लाख ८५ हजारको ८ करोड २७ लाख ६९ हजार ८९ किलो चामल आयात गरेको छ । मन्त्रालयका अनुसार ८८ करोड ६५ लाख २१ हजारको धानको बिउ आयात भएको छ । नेपालले ९ लाख २० हजारको कनिका पनि आयात गरेको मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

**कति भयो रोपाइ ?**

असार दोस्रो साता पुग्दासम्म मुलुकमा रोपाइँ हुने कुल क्षेत्रको ९.८ प्रतिशतमा मात्रै रोपाइँ भएको छ । १२ असारसम्म देशभरि कुल रोपाइँ हुने क्षेत्रको १ लाख ३६ हजार ४ सय ११ हेक्टरमा मात्रै धान रोपिएको छ । नेपालमा १३ लाख ९८ हजार ८ सय ३६ हेक्टर मा रोपाइँ हुने गरेको छ ।

कृषि विभागका अनुसार गत वर्षको दाँजोमा यो वर्ष पनि रोपाइँ दर नबढेको हो । १० असार २०८० सम्म कुल रोपाइँ क्षेत्रको ८.७५ प्रतिशत रोपाइँ भएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# बक्स अफिसमा 'कल्की'को सुनामी, दुई दिनको कमाई कति ?



काठमाडौं/सन् २०२४ सुरु भएयता बलिउड फिल्मले बक्स अफिसमा सुनामी व्यापार गर्न सकेका थिएनन् । केही फिल्मले लगानी सुरक्षित गरे पनि व्यापारमा रेकर्ड बन्न सकेन । यही शुक्रबारदेखि प्रदर्शनमा आएको सुपरस्टार प्रभास अभिनीत फिल्म 'कल्की'ले भने जबर्जस्त सुरुवात गरेको छ । पहिलो दिन नै विश्वव्यापी १ सय ९१ करोड कमाएको फिल्मले दोस्रो दिन पनि व्यापारमा आफ्नो लय गुमाएन ।

फिल्मले दोस्रो दिन (शुक्रबार) विश्वभर १ सय ७ करोडमाथि कमाई गरेको छ । र, दुई दिनमै २ सय ९८ करोडमाथि व्यापार पुगेको निर्माण कम्पनी वैजयन्ती मुभिजले जनाएको छ । फिल्मले हिन्दी भर्सनमा मात्र दुई दिन (पहिलो दिन २२ करोड ५० लाख र दोस्रो दिन २३ करोड २५)मा ४५ करोड ७५ लाख कमाएको व्यापार विश्लेषक तरण आदर्शले सामाजिक सञ्जालमा उल्लेख गरेका छन् ।

चार दिनमा हिन्दी भर्सनको व्यापार एक सय करोड नाघ्ने तरणको प्रक्षेपण छ । उनी लेख्छन्, 'दोस्रो दिनको व्यापारमा गिरावट छैन । तेस्रो दिनको व्यापार अझ बढ्न सक्नेछ । तथापि, भारत र साउथ अफ्रिकाको खेलको असर फिल्मको व्यापारमा भने पर्न सक्ने सम्भावना छ । तर, चौंथो दिन फिल्मको व्यापारमा ठूलो उछाल आउने निश्चित छ । र, चार दिनमा सय करोड व्यापार नाघ्नसक्छ ।'

नाग अश्विनको निर्देशनमा तयार भएको 'कल्की'ले समीक्षा पनि राम्रो पाएको छ । विशेषगरी क्लाइमेक्सको प्रशंसा भइरहेको छ भने अभिनेता अमिताभ बच्चनको भूमिका (अश्वत्था) र अभिनय सर्वाधिक रुचाइएको छ । हिन्दू महाकाव्य र विज्ञानमा आधारित भएर फिल्म बनेको हो । ६ सय करोडको लागतमा बनेको फिल्ममा दीपिका पादुकोण, कमल हासन, दिशा पटानीको पनि अभिनय छ ।

# राजेश हमालले कृषिमा आधारित गेम रियालिटी टिभी शो 'र' होस्ट गर्ने

काठमाडौं/राष्ट्रिय धान दिवसको अवसरमा एग्रिकल्चर गेम रियालिटी शो 'र'को घोषणा गरिएको छ । धान रोपाई उत्सव मनाउँदै नयाँ टिभी शो आउने जानकारी दिइयो ।




हिमालय टिभीमा प्रसारण हुने यो कार्यक्रमका लागि आवेदन समेत खुला गरिएको छ । यो कार्यक्रमका लागि तीनै तहका सरकारसहित त्रिभुवन विश्वविद्यालयको कृषि तथा पशु विज्ञान अध्यन संस्थानलगायतसँग साझेदारी समेत भएको छ ।

यो कार्यक्रमको होस्टको रुपमा अभिनेता राजेश हमाल छन् । व्यावसायिक किसान र बीएससी कृषि वा सो सरह अध्ययन गरेका व्यक्तिले आवेदन दिन सक्छन् भने कार्यक्रममा १६ वटा विषयगत एपिसोड समावेश हुनेछन् ।

जसमा सहभागीको प्रस्तुतिलाई निर्णायक प्यानलले मूल्यांकन गर्नेछ । निर्णायकको प्यानलमा कृषि मन्त्रालयका पूर्वसचिव योगेन्द्रकुमार कार्की, कृषि अर्थशास्त्री नम्रता पाण्डे र अन्य विषय विज्ञ छन् । 'र'लाई बेजोड रियालिटी गेम शो बताइएको छ । कृषि उद्यमशिलता र जलवायु परिवर्तनलाई मुख्य विषय बनाएर कार्यक्रम उत्पादन गर्न लागिएको जनाइएको छ । 'किसानलाई सम्मानजनक पहिचान दिने उद्देश्य अनुरुप प्रस्तुत गरिनेछ' विज्ञप्तिमा भनिएको छ ।

कृषक र कृषि प्रविधिक्ले शोमा भाग लिनेछन् जसमा दिगो र नवीन कृषि अभ्यास प्रवर्धन गर्दै उनीहरूको कृषि सम्बन्धी ज्ञान, रचनात्मकता र कौशलताको परीक्षण गरिने उल्लेख छ । कृषिको महत्वलाई उजागर गर्दै, युवा पुस्तालाई खेतीमा चासो लिन प्रेरित गर्ने र किसानको कडा परिश्रम र समर्पणलाई उच्च कोटीको रुपमा प्रस्तुत गर्ने कार्यक्रमको उद्देश्य तय गरिएको छ ।

राष्ट्रिय धान दिवसको अवसरमा ललितपुर महानगर पालिका-२१, खोकनाको सहकार्यमा आयोजित समारोहमा अभिनेता हमालसहित पूर्वकृषिमन्त्री छविलाल विश्वकर्मा, पूर्वसचिव योगेन्द्रकुमार कार्कीलगायतका व्यक्तित्व सहभागि थिए ।

यो कार्यक्रम मंसिरदेखि प्रसारण हुने भएको छ ।

# मधेशमा उमेर नपुगी विवाह गर्ने ५० प्रतिशत भन्दा बढी



महोत्तरी/राष्ट्रिय जनगणना-२०७८ को तथ्याङ्क अनुसार मधेसमा २० वर्ष नपुगी विवाह गर्ने किशोरीको संख्या ५० प्रतिशतभन्दा बढी देखिएको छ ।

राष्ट्रिय जनगणनामा उल्लेख गरिएको विवरण अनुसार १५ देखि १७ वर्षभित्र विवाह गर्ने २७.७ प्रतिशत छन् । यसैगरी १० देखि १४ वर्षको उमेरभित्र विवाह गर्ने ९.३ प्रतिशत र १० वर्ष उमेर मुनि विवाह गराइने ०.२ प्रतिशत सहित यो संख्या ३७.२ प्रतिशत हुन्छ ।

अठार र २० वर्ष उमेर बीच विवाह गर्ने ३९.५ प्रतिशत छन् । दुलाहाको उमेर २० देखिए पनि दुलही १७ वर्षका पाइएका छन् । उमेर नपुगी विवाह भएका महिला ३९.५ को आधा हुँदा कूल उमेर नपुगी विवाह हुनेको संख्या ५० प्रतिशतमाथि पुग्ने देखिएको बालविवाहविरुद्ध सामाजिक अभियान सञ्चालन गर्दै आएको रत्यौली युवाक्लबका अध्यक्ष वैद्यनाथ चौधरीले जानकारी दिए ।

मधेसमा विवाह हुने सालाखाला औसत उमेर नै १८ वर्ष रहेको राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अभिलेखमा उल्लेख छ । पुरुषको उमेर २० वर्ष भए पनि महिला १७ वर्षसम्मका पाइएका छन् ।

बालविवाहको यो पाटोबाहेक अनमेल विवाह हुँदा पनि बालविवाहमा पर्ने किशोरी नै बढी रहेका देखिएको चौधरीले बताए । पछिल्ला केही वर्षयता अनमेल विवाह घट्दै गए पनि समाजमा पाको उमेरका पुरुषको सम्पत्ति हेरेर उमेर नपुगेकी छोरी दिनेहरु समाजमा अझै बाक्लै रहेको उनको भनाइ छ ।

बालविवाहको यो अवस्था अन्त्य गर्न जिल्लाका स्थानीय तहले विभिन्न सामाजिक सैसँगको सहकार्यमा सामाजिक जागरण अभियान सञ्चालन गर्दै आएका छन् ।

मटिहानी, बलवा, मनराशिशवा, जलेश्वर र लोहार पट्टी नगरपालिका तथा पिपरा र महोत्तरी गाउँपालिकामा बालविवाह विरुद्ध सामाजिक जागरणका लागि विवाह प्रणाली सुधार परियोजना सञ्चालन भइरहेका मटिहानी नगर पालिकाका प्रमुख हरिप्रसाद मण्डलले जानकारी दिए ।

यी सात स्थानीय तहका ४९ वटा विद्यालयमा बालविवाह अन्त्यका लागि जीवनोपयोगी शिक्षा र व्यवहार परिवर्तनसम्बन्धी सैद्धान्तिक कक्षा, छलफल र अभ्यास भइरहेका जनाउँदै यसबाट सकारात्मक परिणाम प्राप्त भइरहेको नगरप्रमुख मण्डलले बताए ।

बालविवाह न्यूनीकरणका लागि स्थानीय सरकारले विद्यालयमा बालबालिका र अभिभावकबीच जनचेतनामूलक कार्यक्रम, सडक नाटक प्रदर्शन, बालक्लबको गठन, तालिम र बालमैत्री शासनलगायत कार्यक्रम सञ्चालन गराइरहेका छन् ।

मटिहानी नगरपालिकाले उमेर पुगेपछि छोराछोरीको विवाह गराउने अभिभावक, विवाह विधि सम्पन्न गराउने गुरु/पुरोहित तथा मोल्वी (इस्लाम धर्मावलम्बीका पुरोहित) लाई सामाजिक सम्मान गर्दै आएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# दक्षिण अफ्रिकालाई हराउँदै भारतले जित्यो टी-२० विश्वकपको उपाधि




काठमाडौं/भारतले आईसीसी टी-२० विश्वकप २०२४ को फाइनलमा दक्षिण अफ्रिकालाई ७ रनले हराउँदै उपाधि जितेको छ । भारतले सन् २००७पछि पहिलो टी२० पटक विश्वकप उपाधि जितेको हो ।

१७७ रनको विजयी लक्ष्य पछ्याएको दक्षिण अफ्रिकाले २० ओभरमा ८ विकेट गुमाउदै १६९ रन बनायो । दक्षिण अफ्रिका हेनरिक क्लासेनले २७ बलमा २ चौका र ५ छक्कासहित सर्वाधिक ५२ रन बनाएपनि हार टार्न सकेनन् ।

एक समय दक्षिण अफ्रिकालाई अन्तिम ३० बलमा ३० रन चाहिँएको थियो । १७ औं ओभरको पहिलो बलमा हार्दिक पान्ड्याले हेनरिक क्लासेनलाई क्याच आउट गरेपछि भारतले खेलमा नाटकीय पुनरागमन गरेको थियो । अन्तिम ६ बलमा १६ रन चाहिँएको थियो । हार्दिक पान्ड्याको बलमा मिलर सूर्यकुमार यादवबाट बाउन्ड्रीमा उत्कृष्ट क्याच आउट भएपछि जितको सम्भावना सकिएको थियो ।

ओपनर रिजा हेन्ड्रिक्स र कप्तान एडेन माक्रम ४-४ र नमा आउट हुँदा दक्षिण अफ्रिका १२-२ को अवस्थामा थियो । तेस्रो विकेटका लागि टिस्टन स्टब्स र क्विन्टन डि ककले ३८ बलमा ५८ रनको साझेदारी गरेका थिए । स्पिनर अक्षर पटेलको बलमा स्वीप खेल्ने धुनमा स्टब्स २१ बलमा ३ चौका र १ छक्कासहित ३१ रनमा बोल्ड आउट भए ।

उनी आउट हुँदा दक्षिण अफ्रिका ८.५ ओभरमा ७०-३ को अवस्थामा थियो । भारतका जस्प्रित बुमराहले ४ ओभरमा १८ रन खर्चेर २ विकेट लिए । हार्दिक पान्ड्याले ३ ओभरमा २० रन खर्चेर ३ विकेट लिए । अर्शदीप सिंहले २ र अक्षर पटेलले १ विकेट लिए ।

त्यसअघि बार्बाडोसमा टस जितेर पहिला ब्याटिङ रोजेको भारतले २० ओभरमा ७ विकेट गुमाउँदै १७६ रन बनाएको थियो । ओपनर विराट कोहलीले ५९ बलमा ६ चौका र २ छक्कासहित सर्वाधिक ७६ रन बनाएका थिए । कोहलीले ४८ बलमा अर्धशतक पूरा गरेका थिए । अक्षर पटेल ३१ बलमा १ चौका र ४ छक्कासहित सर्वाधिक ४७ रन बनाए ।

चौथो विकेटलाई कोहली र अक्षर पटेलले ५४ बलमा ७२ रनको साझेदारी गरेका थिए । ओपनर रोहित शर्मा ९, ऋषभ पन्त शून्य, सूर्यकुमार यादव ३, शिबम दुबे १६ बलमा ३ चौका र १ छक्कासहित २७ र रविन्द्र जडेजा २ रनमा आउट भए । हार्दिक पान्ड्या ५ रनमा नट आउट रहे ।

दक्षिण अफ्रिकाका केशव महाराजले ३ ओभरमा २३ रन खर्चेर २ विकेट लिएका थिए । एनरिच नोर्कियाले ४ ओभरमा २६ रन खर्चेर २ विकेट लिए । कागिसो रबाडा र मार्को यानसनले १-१ विकेट लिएका थिए । सेमिफाइनलमा दक्षिण अफ्रिकाले अफगानिस्तानलाई ९ विकेट र भारतले इंग्ल्यान्डलाई ६८ रनले हराउँदै फाइनलमा स्थान बनाएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# स्वीट्जरल्याण्डसँग हार्दै साविक विजेता इटली बाहिरियो

काठमाडौं/साविक विजेता इटली युरो २०२४ को अन्तिम १६ बाटै बाहिरिएको छ ।



नकआउट चरणाको पहिलो खेलमै शनिावर स्वीट्जर ल्याण्डसँग २-० ले पराजित भएपछि इटलीको यात्रा अन्तिम १६ बाटै समाप्त भएको हो । स्वीट्जरल्याण्ड भने क्वाटरफाइनल पुग्ने पहिलो टिम बनेको हो ।

बर्लिनस्थित ओलम्पिक स्टेडियममा भएको खेलमा स्वीस टोली दुवै हाफमा एक एक गोल गरेको थियो । रेमो फ्रुएलेरले ३७औं मिनेटमा गोल गर्दै स्वीट्जर ल्याण्डलाई अग्रता दिलाएका थिए । दोस्रो हाफको पहिलो मिनेटमै रुबेन भार्गासले गोल गर्दै स्वीस टोलीको अग्रता दोब्बर पारे । दुई गोलले पछि परेको साविक विजेता इटलीले खेलमा फर्कने प्रयास गरेपनि गोल गर्न सकेन र बाहिरियो ।

स्वीट्जरल्याण्डले अब क्वाटरफाइनलमा इंग्ल्याण्ड र स्लोभाकियाबीचकव विजेतासँग खेल्नेछ ।

*(स्रोत: अनलाइनखबर)*

# दयाहाङलाई प्रश्न- 'जारी २' हो 'घरज्वाइँ' ?

काठमाडौं/सुपरस्टार दयाहाङ राईले अचेल आदिवासी जनजाती समुदायको कथामा बनेका फिल्महरु बढी गरिरहेका छन् । चाहे त्यो 'कबड्डी' होस् या 'जारी', 'गाउँ आएको बाटो' वा 'दयारानी' नै किन नहोस् । कहिले लिम्बू त कहिले थकाली चरित्रमा देखिरहेका हुन्छन् । यो समुदायको कथामा उनी करिब निर्विकल्प रोजाई बनेका छन् । एकपटक फेरि उनी फिल्म 'घरज्वाइँ'मा मगर चरित्रमा देखिँदैछन् ।




तर, यसै साता सार्वजनिक ट्रेलरका केही दृश्य र संवादले गर्दा धेरैले फिल्मलाई 'जारी'सँग दाँजेका छन् । बिहीबार ट्रेलर सार्वजनिक कार्यक्रममा पनि पत्रकारले दयाहाङलाई सोधेका थिए- 'कताकता 'जारी २' देखिन्छ त ?' तर, यसरी नहेर्न उनले आग्रह गरे । दुवै फिल्मको विषय फरक रहेको उनको दाबी छ । 'घरज्वाइँ'लाई 'जारी'को रुपमा हेरिनु हुँदैन । विषय ठ्याक्कै उल्टो छ,' उनले भने ।

फिल्मका निर्देशक अनिल बुढा मगरले पनि 'घरज्वाइँ'लाई 'जारी'को रुपमा नहेर्न अनुरोध गरे । 'दुवै फिल्मको विषय नै फरक हो । 'टेस्वर' र 'कलर' फरक छ । ट्रेलरको अन्तिममा बज्ने 'यानी माया' म्यूजिकको रिदममा हामीले काम गरेका छौं । कलाकारहरुको हिडाइँदेखि बोलाइँसम्म त्यही रिदममा छ,' उनले भने । सांस्कृतिक रुपमा भने 'जारी'सँग केही कुरा मिल्न सक्ने उनको भनाई छ ।

फिल्मको ट्रेलरमा अशिष्ट शब्द पनि भरमार छ । विशेषगरी झैझगडाका दृश्यमा । फिल्मले मगर समुदायको कथा उठाएकाले त्यहाँ त्यस्ता शब्दहरु सामान्य मानिने दयाहाङको बुझाई छ । यद्यपि, स्क्रिप्ट पढ्ने बेलामा उनलाई पनि केही शब्द 'भल्गर' लागेको रहेछ । तर, अरुले सुन्दा त्यो नराम्रो लाग्ने भए पनि मगर समुदायमा भने त्यस्ता शब्दहरु एकदमै धेरै र सहजै बोलिने उनको अनुभव छ ।

दयाहाङ अगाडि भन्छन्, 'यी शब्दहरु सुन्दा धेरैलाई 'भल्गर' नै लाग्छ । स्क्रिप्ट पढ्ने बेलामा मलाई पनि त्यस्तै लागेको थियो । यो त हाम्रोतिर बढी बोलिन्छ भन्ने भएको थियो । तर, मगर समुदायमा झन् बढी बोलिने रहेछ । हामीले सुन्दा चाहिँ त्यो गाली जस्तो लाग्छ तर मगर समुदायमा सजिलै त्यो उच्चारण गरिन्छ । यो समुदायमा बसेर हेर्दा यस्ता शब्दहरु आपत्तिजनक हुन् भन्ने मलाई लाग्दैन ।'

निर्देशक मगरले पनि मगर समुदायमा त्यस्ता शब्दहरुको प्रयोग निकै सामान्य मानिने भएकाले फिल्ममा पनि राखिएको स्पष्ट पारे । 'मगर समुदायमा त्यस्ता शब्द सामान्य मानिन्छ । हामीले फिल्ममा समावेश गरेको शब्दभन्दा पनि बढी 'भल्गर' बोलिन्छ ।

फिल्ममा त्यहींको कथा उठाएकाले पनि हामीले थोरै मात्र राखेका छौं,' उनले भने । 'घर ज्वाइँ' यही असार २८ गतेदेखि प्रदर्शनमा आउँदैछ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com




**राष्ट्रिय धान दिवस** : असार १५ अर्थात् दहीचिउरा खाने दिन । आजको दिनमा मुलुकभर बिभिन्न कार्यक्रम गरी धान दिवस मनाइएको छ । नेपालको कृषिमा क्रान्ति ल्याउने भनेर सरकारले असार १५ लाई राष्ट्रिय धान दिवसको रुपमा मनाउन थालेको दुई दसक बढी भएको छ । धानखेती गर्ने वास्तविक किसानलाई भन्दा पनि वर्षभरिमा एक दिन खेतमा टेकेर धान रोपेजस्तो नाटक गरेर सामाजिक संजालमा पोष्ट गर्ने जमातका लागि मात्र मलजल पुगेको धान दिवसले किसान पसिनाको सम्मान गर्न सकेको छैन । वास्तविक किसानको दिनचर्यालाई सहज बनाउने र किसानको पसिनाको सम्मान गर्ने गरी धान दिवस मनाउनु जरुरी छ । मकवानपुरमा भएका धान दिवसका केही झलकहरु । *तस्बिर:साझाकुरा*

# टोल विकास संस्था २५ औं वर्षमा प्रवेश

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ हेटौंडा उपमहानगरपालिकामा टोल विकास संस्था स्थापना भएको २४ वर्ष पूरा भएको छ । २०५६ साल असार १४ गते हेटौंडा-८ मा श्रमिक टोल विकास संस्था स्थापना भई अघि बढेको टोल विकास संस्थाको यात्रा शुक्रबार २५ औं वर्षमा प्रवेश गरेको हो ।



समुदाय परिचालनका माध्यमबाट समावेशी, समतामूलक एवम् वातावरणमैत्री दीगो विकास हासिल गर्ने उद्देश्यका साथ हेटौंडामा टोल विकास संस्था स्थापना गरिएको हो । हाल हेटौंडाका १९ वटा वडामा कूल ३७७ वटा टोल विकास संस्था क्रियाशील छन् । नगरका प्रत्येक नागरिकको सहभागितालाई अभिवृद्धि गराउँदै समग्र टोल, वडा तथा उपमहानगरको विकासमा योगदान गर्न एवम् विकासका अवधारणाबारे टोलका हरेक सदस्यलाई जानकारी गराउँदै सचेत, समुन्नत र विकसित हेटौंडा बनाउने अभियानमा टोल विकास संस्थाले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेका छन् ।

टोल विकास संस्थाबीच समन्वयकारी भूमिकाका लागि हेटौंडामा टोल विकास संस्था नगर समन्वय समिति छ । यसले टोल विकास संस्थाको गठन, पुन:गठन, नवीकरण तथा संस्थागत विकासका लागि काम गरिरहेको छ । साथै टोल विकास संस्थालाई क्रियाशील बनाउने, गतिविधिमाथि अनुगमन गर्ने मात्रै नभई सामाजिक हित एवम् वातावरण संरक्षणको लागि रचनात्मक गतिविधि सञ्चालन गर्न निरन्तर प्रेरणा प्रदान गर्दै आइरहेको छ । नगर समन्वय समितिले उपमहानगर भित्रका १७ वटा वडामा वडासमन्वय समिति निर्माण गरिसकेको छ ।

हेटौंडामा टोल विकास संस्था स्थापनाको २५ औं वर्षमा प्रवेश गर्दैगर्दा नगरसमन्वय समितिले यो वर्षलाई रजत महोत्सव वर्षको रुपमा विभिन्न रचनात्मक क्रियाकलाप गरी मनाउने भएको छ । समितिका अध्यक्ष ध्रुव अधिकारीले टोल विकास संस्था स्थापना र संरक्षकत्व प्रदान गर्ने हेटौंडा उपमहानगरपालिकालगायत सम्पूर्ण सरोकारवाला सरकारी तथा गैरसरकारी संघसंस्था, अभियानमा निरन्तर लाग्नुहुने ३७७ वटै टोल विकास संस्थामा आवद्ध टोल विकासकर्मी र आम नगरबासीमा आभार व्यक्त गर्दै निरन्तर साथ सहयोगको अपेक्षा रहेको बताए ।

उनले आम नगरवासीसँगको समन्वयमा वन तथा वातावरणको संरक्षण गर्दै टोलटोलमा सरसफाई अभियान सञ्चालन गर्ने, धुँवाधुलो रहित हेटौंडा, हराभरा हेटौंडाको अभियानलाई पूर्णता दिने, स्वच्छ हावा, सफा र शुद्ध पिउने पानीको प्रबन्ध मिलाउन सम्बन्धित सबै जिम्मेवार बनाउने, प्लाष्टिकमुक्त र प्रदुषणरहित सहर स्थापना गर्ने लगायत विभिन्न वातावरणमैत्री योजनामा नगरसमन्वय समितिलाई सबैले सघाउनुपर्ने बताए ।

अध्यक्ष अधिकारीले नगरसमन्वय समिति हेटौंडा उपमहानगरकै एउटा अङ्ग भएको भन्दै उममहानगर र सम्बन्धित वडा कार्यालयले टोल विकास संस्थाका गतिविधिप्रति अपनत्व ग्रहण गर्नुपर्ने बताए । साथै नगरसमन्वय समितिले शुक्रबार २५ औं स्थापना दिवसको अवसरमा वृक्षारोपण तथा दीपप्रज्ज्वलन गरी शुभकामना साटासाट गरेको छ । हेटौंडा उपमहानगरपालिका-३ मनकामना मन्दिर परिसरमा वृक्षरोपण र हेटौंडाको बुद्धचोकमा दीपप्रज्ज्वलन गरिएको थियो ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-४ का वडाअध्यक्ष नवीन सिग्देल, ११ की वडाअध्यक्ष जुना दाहाल, वडा नम्बर ५ का जनप्रतिनिधि एवम् हेटौंडा उपमहानगरपालिका न्यायिक समिति सदस्य ज्ञानबहादुर थापालगायत टोल विकास संस्था नगरसमन्वय समितिका पदाधिकारी एवम् सदस्यहरु, वडासमन्वय समिति र विभिन्न टोल विकास संस्थाका व्यक्ति सहभागी थिए ।

# विवाद टुंग्याएर निर्वाचन गर्न प्रेस युनियन मकवानपुरको माग

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ नेपाल प्रेस युनियन मकवानपुरले सदस्यता विवाद टुंगाएर मात्र नेपाल पत्रकार महासंघको निर्वाचन प्रक्रिया अगाडि बढाउन माग गरेको छ ।





शनिबार एक विज्ञप्ती जारी गर्दै प्रेस युनियन मकवानपुरका अध्यक्ष सुवास विडारीले महासंघको निर्वाचन तालिका स्थगित गरी सदस्यता विवाद टुंग्याउन आग्रह गरेका हुन् । नेपाल पत्रकार महासंघको सदस्यता विवादलाई विधान अनुसार टुंग्याउन पत्रकार महासंघको नेतृत्वले उदासीनता देखाएकोप्रति युनियन मकवानपुरको ध्यानाकर्षण भएको उनले बताएका छन् ।

'महासंघकै शाखा तथा प्रदेश समितिको सिफारिस र पत्रकारले सदस्यताका लागि केन्द्रीय निर्वाचन समितिमा दिएको आवेदनको उजुरीलाई समेत वेवास्ता गर्ने, जिल्ला तथा प्रदेश समितिलाई धम्कीपूर्ण पत्रमार्फत् निर्वाचन समिति गठन गर्न निर्देशन दिएर महासंघ जस्तो लोकतान्त्रिक संस्थाले अलोकतान्त्रिक चरित्र देखाएको युनियन मकवानपुरको ठहर छ', उनले भने ।

'केन्द्रको हस्तक्षेपकारी निर्देशनअनुरुप मकवानपुरमा गठन गरिएको गैरपत्रकार सदस्य रहेको निर्वाचन समिति तत्काल खारेज गर्न युनियन मकवानपुर जोडदार माग गर्दछ ।' अध्यक्ष बिडारीले जारी गरेको विज्ञप्तीमा उल्लेख छ । नेपाल पत्रकार महासंघले मतदाताको अन्तिम नामावली भन्दै क्रियाशील पत्रकारलाई हटाएर पत्रकारिता पेशामा आवद्ध नभएका व्यक्तिलाई समावेश गरी सार्वजनिक गरेको नामावली प्रेस युनियन मकवानपुरलाई स्वीकार्य नभएको पनि उनले बताए ।

प्रेस युनियन मकवानपुरले महासंघ मकवानपुरको कार्यालयमा शुक्रबार राति सवा ११ बजे विभिन्न माग गर्दै तालाबन्दी गरेको छ । नेपाल पत्रकार महासंघका कुनै वैध संरचनाबाट सिफारिस नगरिएका गैर पत्रकारको सदस्यता खारेज गर, पत्रकार महासंघका शाखा, प्रदेश समितिले विधान, विधि, प्रक्रिया अनुसार सिफारिस गरेका सदस्यता कायम गर, प्रक्रिया पुगेका क्रियाशील पत्रकारलाई सदस्यता प्रदान गर, नेपाल पत्रकार महासंघलाई विधान अनुसार सञ्चालन गर लगायतको माग राख्दै युनियनले महासंघको कार्यालयमा तालाबन्दी गरेको हो ।

एकपक्षीय रुपमा निर्वाचन प्रक्रिया अघि बढाएमा त्यसको परिणाम महासंघलाई विधि विपरीत सञ्चालन गर्न चाहनेहरुले नै व्यहोर्नुपर्ने अध्यक्ष विडारीले विज्ञप्ती मार्फत चेतावनी दिएका छन् ।

# यू-१९ भलिबलमा बागमती च्याम्पियन

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ त्रिपुरेश्वरस्थित दशरथ रंगशाला कभर्डहलमा शनिबार भएको भलिबलमा बागमती प्रदेशले लुम्बिनी प्रदेशलाई ३-० को सोझो सेटले पराजित गर्दै उपाधि जितेको छ ।

प्रथम सहाना प्रधान यू-१९ महिला तथा पुरुष भलिबल प्रतियोगितामा महिलातर्फ बागमती विजेता बनेको हो । प्रतियोगिताको महिला र पुरुष दुबैतर्फका बिजेताले ३ लाख, उपबिजेताले २ लाख र तेस्रो हुनेले १ लाख रुपैयाँ पाए । उत्कृष्ट खेलाडीले २५ हजार र विधागत उत्कृष्ट हुनेले जनही १० हजार रुपैयाँ पाउनेछन् ।

लुम्बिनी प्रदेशलाई ३-१ को सोझो सेटमा पराजित गर्दै गण्डकी प्रदेश पुरुष टिम प्रथम सहाना प्रधान यू-१९ महिला तथा पुरुष भलिबल प्रतियोगिताको च्याम्पियन बनेको छ । शनिबार नै गण्डकीले लुम्बिनीलाई फाइनल खेलमा २५-१५,२०-२५, २५-२० र २५-२० को सेटमा पराजित गरेको हो ।

प्रतियोगितामा महिलातर्फ बागमती प्रदेशकी जेनिशा विश्वकर्मा र पुरुषतर्फ गण्डकी प्रदेशका विश्वास अधिकारी सर्वोत्कृष्ट खेलाडी चुनिए । दुवै सर्वोत्कृष्ट खेलाडीले जनही २५ हजार, ट्रफी र मेडल प्राप्त गरे । महिलातर्फ उत्कृष्ट लिबेरो बागमती प्रदेशकी लिबेरो अन्जिला प्रधान र पुरुषतर्फ गण्डकी प्रदेशका जीतबहादुर सार्कीले जिते । दुवैले १० हजार पुरस्कार र ट्रफी प्राप्त गरे ।

उत्कृष्ट सेटरमा महिला तर्फ बागमतीकै भावना तामाङ र पुरुषतर्फ लुम्बिनी प्रदेशका दिपेश कुँवरले जिते । दुवैले १० हजार पुरस्कार र ट्रफी प्राप्त गरे । उत्कृष्ट सर्भर महिलातर्फ गण्डकी प्रदेशकी सोइङ थापाले जितिन् । पुरुषतर्फ भने गण्डकी प्रदेशका सूर्य बिकले जिते । दुवै खेलाडीले १० हजार पुरस्कार र ट्रफी प्राप्त गरे । उत्कृष्ट स्पाइकर महिलातर्फ बागमतीकी सलिना बुढामगर र पुरुषतर्फ लुम्बिनी प्रदेशका सागर रसौलीले जिते । यो विधामा पनि दुवैले १० हजार पुरस्कार र ट्रफी प्राप्त गरे ।

उत्कृष्ट ब्लकर महिलातर्फ लुम्बिनी प्रदेशकी निशा चौधरी भइन् भने पुरुषतर्फ सुदूरपश्चिम प्रदेशका अर्जुन नेपालीले जिते । दुवैले १० हजार पुरस्कार र ट्रफी प्राप्त गरे । शनिबार नै तेस्रो स्थानका लागि भएको खेलमा पुरुषतर्फ सुदूरपश्चिम प्रदेशले बागमतीलाई हराएको हो । महिलातर्फ गण्डकी प्रदेशले कोशी प्रदेशलाई हराउँदै तेस्रो भयो । गण्डकीले १ लाख पुरस्कार र मेडल प्राप्त गऱ्यो ।

# कानूनको एकीकृत पुस्तिका सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ बागमती प्रदेशको राजधानी हेटौंडामा अपाङ्गता भएका व्यक्तिहरुको लागि नेपालमा बनेका ऐन कानूनको एकीकृत पुस्तिका सार्वजनिक गरिएको छ ।

शुक्रवार हेटौंडामा सामाजिक विकास मन्त्रालयका उपसचिव खुविराम अधिकारीले पुस्तिका सार्वजनिक गरेका हुन् । पुस्तक सार्वजनिक गर्दै उपसचिव अधिकारीले एकीकृत पुस्तिका उपयोगी हुने बताए । उनले सार्वजनिक भएको पुस्तकलाई बागमती प्रदेशका सबै पालिका तथा वडामा पनि पुऱ्याउन सके अपाङ्गता भएकाहरुको लागि योगदान पुग्ने बताए ।

'अपाङ्गता भएका व्यक्तिका क्षेत्रमा बागमती प्रदेश सरकारले प्राथमिकताका साथ काम गरिरहेको छ' उपसचिव अधिकारीले भने 'आगामी दिनमा पनि मन्त्रालयले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।'

यसैगरी राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेश सचिव पर्वतराज विष्टले सार्वजनिक पुस्तक्ले अपाङ्गता भएका व्यक्ति तथा उनीहरुका अभिभावकलाई राज्यबाट प्रदान गरिएका सेवा, सुविधा, अवसर र यससँग सम्बन्धित कानूनी व्यवस्थाका बारेमा सुसूचित गराई अधिकार उपभोगमा सघाउ पुऱ्याउने बताए ।

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल बागमती प्रदेशको आयोजना तथा सामाजिक विकास मन्त्रालयको सहजीकरणमा भएको पुस्तक सार्वजनिकीकरण कार्यक्रममा सामाजिक विकास मन्त्रालयका शाखाअधिकृत लक्ष्मण पुडासैनी, अपाङ्गता भएका व्यक्तिहरुको उपस्थिति थियो ।

# मउवा संघले मनायो धान दिवस

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ मकवानपुर उद्योग वाणिज्य संघले शनिबार २१ औं राष्ट्रिय धान दिवस मनाएको छ । कार्यक्रम संघको कृषि प्रवर्द्धन समितिले संयोजन गरेको हो ।

संघका अध्यक्ष कृष्णकुमार गुप्ताको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा मन्त्री मोक्तानले धान दिवसको कार्यक्रम मनाइरहँदा कृषिको महत्व र किसानको कामको सम्मानको सन्देश प्रमुख भएको बताइन् । उनले हाम्रा खेतबारी भएपनि खाली राखी किनेर खाने स्वभावले परनिर्भर बनाउँदै लगेकाले सुध्रिनुपर्ने भनाइ राखेकी थिइन् ।

उनले बागमती प्रदेश सरकारको बजेट भर्खरै पास भएको र त्यसमा समुदायमा आधारित कृषि कार्यक्रमको लागि बजेट व्यवस्था गरिएको बताइन् । कार्यक्रममा संघका अध्यक्ष गुप्ताले राष्ट्रिय धान दिवस २०८१ को सम्पूर्णमा शुभकामना व्यक्त गरेका थिए । उनले किसानको कर्मको प्रशंसा गर्दै किसानकै परिश्रमले हामी बाँचिरहेको बताए । उनले किसानको मेहनतले गर्दा सहर र विज्ञानप्रविधिको प्रगति गर्न सहज भएको, किसानको सत्कर्म, मेहनत, परिश्रम र लगनशीलतालाई राज्यले लगानी, सुविधा र प्रविधि उपलब्ध गराई किसानको कृषिकर्मलाई व्यावसायिक बनाउन प्रोत्साहित गर्नुपर्ने बताए ।

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, हेटौंडा-१७ का वडाअध्यक्ष उद्धव सत्याल, हेटौंडा-१६ का वडाअध्यक्ष रामकृष्ण कोइराला, नेपाल उद्योग वाणिज्य महासंघको कृषिउद्यम केन्द्रका पूर्वसभापति तथा मउवा संघका पूर्वअध्यक्ष अरुणराज सुमार्गीको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा मउवा संघका पदाधिकारी तथा सदस्यहरु, कृषि प्रवर्द्धन समितिका सदस्यहरु, महिला उद्यमी, कृषक तथा स्थानीयको सहभागिता थियो ।

# वन वातावरण पत्रकार संघमा मकवानपुरका चारजना

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/वन तथा वातावरणको क्षेत्रमा कलम चलाउँदै आएका पत्रकारले वन वातावरण पत्रकार संघ, नेपाल नामक तदर्थ समिति गठन गरेका छन् । शनिवार काठमाडौंमा भएको भेलाले ११ सदस्यीय तदर्थ समिति गठन गरेको हो । समितिको अध्यक्षमा सुशील मैनाली रहेका छन् । समितिमा बाँकी सदस्य छन् । सदस्यमा मकवानपुरका चारजना पत्रकार अटाएका छन् । भानुभक्त आचार्य, अनिल पराजुली, अञ्जली थापा र शुभलक्ष्मी विक रहेका छन् । समितिको सदस्यमा हरि बास्तोला, रोजिना थापा, प्रेम बास्तोला चयन भए ।

यसैगरी, संघको अन्य सदस्यहरुमा विकास आचार्य, घनश्याम पौडेल र केशव भण्डारी रहेका छन् । ग्रिन फाउण्डेशन नेपालको रोहबरमा पत्रकारको भेलाले संघ गठन गरेको जनाएको छ । अवसरमा बागमती प्रदेशसभा सदस्य भारती पाठक, फाउण्डेशनका अध्यक्ष घनश्याम पाण्डे, निजी तथा पारिवारिक वनका अध्यक्ष जोगराज गिरीलगायतको उपस्थिति रहेको थियो ।

# नेपाली भाषा शिक्षक समितिको एक दिने कार्यशाला

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ नेपाली भाषा शिक्षक समिति नगर कार्यसमिति हेटौंडाले नगरभित्रका ४५ वटा निजी तथा संस्थागत विद्यालयका शिक्षक शिक्षिकालाई व्याकरण तथा विद्यागत शिक्षण सम्बन्धी एकदिने कार्यशाला सञ्चालन गरेको छ ।

हेटौंडा-४ स्थित नवोदय शिशुसदनको सभाहलमा शुक्रबार आयोजित कार्यशालामा प्रशिक्षकहरु क्रमश:ध्रुव भुजेलले व्याकरण सम्बन्धी र केशव सञ्जेलले विद्यागत शिक्षणसम्बन्धी सहजिकरण गरेका थिए ।

नेपाली भाषा शिक्षक समिति नगर कार्यसमितिका अध्यक्ष पुरुषोत्तम आचार्यको अध्यक्षतामा भएको कार्यशालामा सहभागी शिक्षक शिक्षिकाले व्याकरण र विद्यागत शिक्षणसम्बन्धी अन्यौलता हटेको भन्दै अवसरका लागि आयोजकलाई धन्यवाद दिए ।

व्याकरण र विद्यागत शिक्षणबारे प्रष्ट भएको र यसले शिक्षण सिकाईमा आफूहरुलाई सहयोग पुग्ने विश्वास व्यक्त गर्दै सहभागीहरुले आगामी दिनहरुमा पनि यसप्रकारको कार्यशाला आयोजना गर्न सुझाव दिए ।

नेपाली भाषा शिक्षकलाई अन्यौलताबाट हटाउने र आफनो भाषामा निपूर्ण बनाउँदै उनीहरुलाई कक्षा शिक्षणमा नयाँपन दिँदै शिक्षण सिकाईलाई थप रुचीपूर्ण बनाउन आगामी दिनमा पनि यसप्रकारको कार्यशाला आयोजना गरिने समितिका सचिव सिएम रिमालले जानकारी दिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको हकअधिकार सुनिश्चित गरौं

संविधानले लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सामाजिक न्यायको हक प्रदान गरेको छ ।

☞ लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको,
☞ मानवाधिकार र मौलिक हकको रक्षा गरौं,
☞ सामाजिक मर्यादा र सुरक्षा सुनिश्चित गरौं,
☞ विकास निर्माण र सेवा प्रवाहमा सहभागिता सुनिश्चित गरौं,
☞ उनीहरुप्रति सकारात्मक दृष्टिकोणको विकास गरौं,
☞ लैङ्गिक तथा यौनिक अल्पसंख्यकमैत्री वातावरण निर्माण गरौं,
☞ वैयक्तिक स्वतन्त्रता, आत्मसम्मान र न्यायको पक्षमा वकालत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना